# सूचना ! सूचना !! सूचना !!!

कोरोना भाइरस (कोभिड-१९) का कारण जारी भएको बन्दाबन्दी (लकडाउन) को अवधिमा अदालतको काम कारवाही तथा सेवा प्रवाह सम्बन्धमा सम्मानित सर्वोच्च अदालतको मिति २०७६।१२।०७ को पूर्ण बैठक लगायत विभिन्न मितिमा बसेका बैठकबाट आवश्यक निर्णयहरु भई यस अदालतबाट मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ अनुसारको निवेदन तथा बालसुधार गृहमा रहेका बालबालिका जिम्मा लिने सम्बन्धी निवेदन उपर हुने कारवाही एव पक्राउ पूर्जी अनुमति, कल डिटेल अनुमति र जरुरी पक्राउ पूर्जीको समर्थन सम्बन्धि कार्यहरु, अभियुक्तलाई अनुसन्धान तहकिकातका लागि हिरासतमा राख्न अनुमति दिने (म्याद थप गर्ने), अभियोगपत्र दर्ता गर्ने,पक्राउ परी आएका अभियुक्तको बयान लिने, थुनछेक आदेश गर्ने सम्बन्धी काम कारवाही सुचारु भई रहेकोमा सम्मानित सर्वोच्च अदालतबाट मिति २०७७।०२।२१ मा जारी भएको सूचना, सम्मानित सर्वोच्च अदालत र उच्च अदालत पाटनको निर्देशानुसार निश्चित भौतिक दुरी कायम गरी स्वास्थ सुरक्षा सम्बन्धि पर्याप्त सावधानी अपनाई बन्दाबन्दीको समयमा सुचारु भई आएका उल्लेखित कामकारवाहीका अतिरिक्त देहाय बमोजिमका थप सेवाहरु समेत प्रवाह गरिने भएकोले अदालतका प्रयोगकर्ताहरुको जानकारी लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल:-

१. न्याय सम्पादन र सुनुवाईमा अधिक समय नलाग्ने प्रकियागत कार्यको रुपमा रहेको मिलापत्र, मुद्दा फिर्ता, पक्षले तारेख छोडेका डिसमिस र तामेली लगायतका कामकारवाही गर्ने ।

२. बन्दाबन्दीको समयमा मुद्दा फैसला हुन नसकी अभियोगपत्रमा दावी लिईएको हुने सजाय भन्दा बढी कैद अवधी थुनामा बसेको वा हुन सक्ने प्रतिवादीका हकमा प्रमाण बुझी अंग पुगिसकेको भए त्यस प्रकृतिको मुद्दाको सुनुवाई प्रारम्भ गर्ने ।

३. मुद्दामा प्रमाण बुझी अंग पुगिसकेका र सुनुवाईका प्रकृयामा अदालतको आदेशले बाल सुधार गृहमा रहेको बालबालिका मात्र संलग्न रहेका फौजदारी मुद्दा हेर्ने ।

४. यस अदालतमा सम्पादन हुने विशेष प्रकृतिका निवेदन मध्ये दर्ताद्वारा विवाह दैनिक ३(तिन) वटा मात्र हेर्ने ।

५. कसूर कायम भै सजाय पूर्वको प्रतिवेदन प्राप्त भैसकेको वा सहज रुपमा प्राप्त हुने अवस्था भएमा कार्यवोझ समेतलाई बिचार गरी सजाय निर्धारण गर्न बाँकी रहेका मुद्दाहरुको सुनुवाई प्रारम्भ गर्ने ।

६. अर्ध न्यायिक निकायले गरेको मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ नं. बमोजिमको आदेश उपरको निवेदन सुनुवाई गर्ने ।

७. दशीका रुपमा अभियोगपत्र साथ पेश भई आदेश वा फैसलाले सम्बन्धित व्यक्ति वा जाहेरवालाले फिर्ता पाउने ठहरेका दशीका समान फिर्ता माग गर्न आएमा नियमानुसार फिर्ता दिने सम्बन्धी कारवाही गर्ने ।

८. उल्लेखित कामकारवाही बाहेक अदालतको भौतिक अवस्था, कार्यवोझ र व्यवस्थापकीय पक्ष समेतलाई विचार गरी अदालतबाट सरोकारवालासँग छलफल र समन्वय गरी आवश्यक र उपयुक्त देखिएका थप काम कारवाही समेत सम्मानित श्री उच्च अदालत पाटनका मुख्य न्यायाधीशज्यू सँगको समन्वय र निर्देशनमा कार्य सम्पादन गर्दै जाने भन्ने निर्देशन अनुसार गर्ने ।

रसुवा जिल्ला अदालत